# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।१०।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सरकारी रकम हिनामिना, झुठ्ठा विल भरपाई, झुठ्ठा प्रमाणपत्रका आधारमा शिक्षक नियुक्ति र घुस/रिसवत गरी ४(चार) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।१०।१३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता<br>
श्याम प्रसाद भण्डारी

देहायः

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | किशोर यादव र माधव प्रसाद यादव (वि.अ. को मु.नं. ०७६-CR-००२९, वि.अ. को फैसला मिति २०७९।०२।३१) | रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु माधव प्रसाद यादव र किशोर यादवःविगो रु.५,७६,९०५/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिईएको । | **फैसलाः**<br>प्रतिवादीहरुले आरोपदावीवाट सफाई पाउने ठहर।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• उक्त अदालतबाट प्रतिवादी किशोर यादवले आफ्नो गणितीय त्रुटी स्वीकार गरी उपभोक्ता समितिवाट सोधभर्ना गर्न पहल गरेको समेतका कारणले प्रतिवादीहरु किशोर यादव र माधव प्रसाद यादवले नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने वदनियत गरेको पुष्टि हुन सकेन।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसारको कसूर हुनका लागि राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई लाभ पुर्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्याउने वदनियतले ऐ.देहाय (ग) र (ङ) बमोजिमको कार्य गरेको देखिनुपर्छ। नेपाल सरकार वा स्थानीय सरकारलाई गैरकानूनी हानि पुगेको नदेखिँदा प्रतिवादीहरुले ऐ. ऐनको देहाय खण्ड(ग) र (ङ) बमोजिमको कसूर गरेको पुष्टि हुन सक्ने देखिएन। | • प्रस्तुत मुद्दामा मनोज कुमार साहले आ.व. २०७४/०७५ मा जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं २१ स्थित तपी मा.वि. भोडहादेखि मदिलवासस्थित राजलाल साह तेलीको खेतसम्म सडक ढलान गर्ने कार्यमा उपभोक्ता समितिले लागत ईष्टिमेट अनुसारको निर्माण कार्य नगरी खिया लागेको कमसल फलामको डण्डी र न्यून गुणस्तरको सिमेण्ट प्रयोग गरी रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी सम्वन्धमा स्वंय अदालतको फैसलाको प्रकरण नं.२५ मा उपभोक्ता समितिलाई मिति २०७५।१०।०४ गते उक्त रकम कार्यालयमा दाखिला गर्न लगाएको भन्ने समेत व्यहोरा खुलाई प्रकरण नं.२७ मा प्रतिवादी किशोर यादवले आफ्नो गणितीय त्रुटी स्वीकार गरी उपभोक्ता समितिवाट सोध भर्ना गर्न पहल गरेको समेतका कारणले प्रतिवादीहरु किशोर यादव र माधव प्रसाद यादवले नेपाल सरकारलाई हानीनोक्सानी पुर्याउने वदनियत गरेको पुष्टि हुन सकेन भन्ने आधारलिई प्रतिवादीहरुलाई सफाई दिएको।<br>तसर्थ प्रतिवादीहरुले मिति २०७५।१०।४ मा रु.३,२४,५५५/- र मिति २०७५/११/०९ मा रु.२,५२,३५०/- गरी जम्मा रु.५,७६,९०५/- राजश्व फिर्ता दाखिला भएको देखिएकोवाट रकम हिनामिना गरी भ्रष्टाचार गरेको उजुरी यस आयोगमा दर्ता भए पश्चात अनुसन्धानको क्रममा रहेको अवस्थामा सजायवाट वच्नको लागी रकम भुक्तानी भएको लामो समय पश्चात प्रतिवादीहरुले उपभोक्ता समिति मार्फत हिनामिना रकम कार्यालयमा दाखिला गर्न लगाएको पुष्टि भएको अवस्थामा हिनामिना रकम दाखिल गरेको आधारमा नै प्रतिवादीहरुलाई कसुरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदर भागी छ । यसै सन्दर्भमा संजीवकुमार राय विरुद्ध नेपाल सरकार भएको मुद्दामा "कसुरबाट उम्कने उद्देश्यले पछि राजिनामा गरे पनि पहिले गरेको कसुरको दायित्व रही नै रहने हुँदा राजिनामा गरेकै आधारमा कसुरबाट उन्मुक्ति पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसमेत न्यायोचित रहेको नपाईने" (ने.का.प २०७३, अंक ८, नि.न.९६५४) भनी सम्मानीत सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा प्रस्तुत फैसला उक्त नजिरको प्रतिकुल भई बदर भागी छ ।<br>• त्यस्तै सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको मुद्दामा "सरकारी वा सार्वजिनक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार(By Conduct) वाट देखिने हुन्छ । By Conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ ।" ( स.अ.वुलेटिन, वर्ष १८, अंक १५, मंशिर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९, मुद्दाः भ्रष्टाचार)भनी सर्वोच्च अदालतवाट फैसला भई सकेको अवस्थामा निर्माणस्थलमा भए गरेको काम भन्दा बढी मुल्याङ्न गरी नापी |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| २ | | | | | किताव तयार गर्ने कलैया उपमहानगरपालिकाका ईन्जिनियर किशोर यादव र सो मुल्याङ्न समर्थन गरी भुक्तानीको लागी सिफारिस गर्ने ईन्जिनियर माधव प्रसाद यादवको नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियत रहेको पुष्टि भएको अवस्थामा समेत अदालतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसारको कसूर हुनका लागि राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई लाभ पुर्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्याउने वदनियतले ऐ. ऐनको देहाय खण्ड(ग) र (ङ) बमोजिमको कार्य गरेको देखिनुपर्छ । नेपाल सरकार वा स्थानीय सरकारलाई गैरकानूनी हानि पुगेको नदेखिँदा प्रतिवादीहरुले ऐ. ऐनको देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको पुष्टि हुन सक्ने देखिएन भनी विद्यमान कानूनको गलत व्याख्या गरी भएको फैसला कानूनको व्याख्याको रोहमा समेत त्रुटि पूर्ण भई बदर भागी छ । |
| २ | देवराज ढकाल, केशलक्ष्मी श्रेष्ठ, दीपक प्रसाद ज्ञवाली र रामस्वरुप चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०१६२, वि.अ. को फैसला मिति २०७९।०५।२२) | झुठ्ठा विल भरपाई र प्रतिवेदन पेश गरी सरकारी रकम हिनामिना हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु देवराज ढकाल, दीपक प्रसाद ज्ञवाली र केशलक्ष्मी श्रेष्ठः** बिगो रु.७,३०,००५/१६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(१) को खण्ड (ङ) ले परिभाषित गरे बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय र हानी नोक्सानी हिनामिना पुर्याएको रकम बिगो रु.७,३०,००५/१६निज प्रतिबादी हरुबाट सोही ऐनको दफा ८ को उपदफा(१) बमोजिम असूल उपर हुन।<br>**प्रतिबादी रामस्वरुप चौधरीः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा(२) ले परिभाषित गरे बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा(२) बमोजिम सजाय हुन मागदावी लिईएको । | <u>**फैसला**</u><br>**प्रतिवादी देवराज ढकालः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर गरेको देखिएकोले सोही ऐनको दफा ८(१) बमोजिम कसुरको मात्रा अनुसार ३ महिना कैद र विगो रु.५,१०,००५।१६ वरावर जरिवाना भई हानिनोक्सानीको विगो निजवाट असुल उपर हुने ठहर्छ।<br>**प्रतिवादी रामस्वरुप चौधरीः** सोही ऐनको दफा १९(२) को कसूर गरेको देखिएकोले कसुरको मात्रा अनुसार ३ महिना कैद र रु.१०,०००। - जरिवाना हुने ठहर्छ ।<br>**प्रतिवादीहरु केशलक्ष्मी श्रेष्ठ र दीपकप्रसाद ज्ञवालीः** सफाई पाउने ठहर्छ ।<br><u>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**</u><br>• प्रतिवादी केशलक्ष्मी श्रेष्ठ विद्यालयको प्रधानाध्यापक भएको भएतापनि निर्माण सम्वन्धी रकम निजले उपभोक्ता समितिको निवेदन बमोजिम उपभोक्ता समितिको खातामा राखी दिने भएवाट निर्माण कार्य सम्वन्धमा के कति काम भयो त्यसको | • प्रस्तुत मुद्दामा तीन आर्थिक बर्ष ०६७।०६८, ०६८।०६९ र ०६९।०७० को उक्त विद्यालयको लेखा परीक्षण प्रतिवेदन अनुसार भवन र शौचालय निर्माणमा जम्मा रु.२३,७०,०००।- खर्च भएको देखिन्छ । भवन र शौचालय निर्माणमा बिजुली बत्ती र खानेपानीको खर्च समेत गरी जम्मा रु.१४,०१,६५५।१० (मु.अ. बाहेक) को मूल्याङ्कन र विद्यालयको तेस्रो तल्लामा भए गरेको निर्माणको कार्यहरु बाहेक भुई तल्लामा भएको कक्षा कोठामा प्लास्टर सहित ईट्टाको गारोबाट पार्टिसन, सडक तर्फ रोलिङ सटर हाल्ने लगायतका कार्यको अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिगएको टोलीले मिति २०७६/०५/१९ मा स्थलगत निरीक्षण गरी मुल्याङ्कन हुँदा रु.२,३८,३३९/७४ (अक्षरेपी दुई लाख अठ्तीस हजार तीन सय उन्नचालीस रुपैया चौहत्तर पैसा) रहेको पाईएको हुँदा भवन निर्माण तथा शौचालय निर्माणको कुल रु.१६,३९,९९४/८४ (अक्षरेपी सोह्र लाख उन्नचालिस हजार नौ सय चौरानब्बे रुपैया चौरासी पैसा) देखिएको हुँदा भवन र शौचालय निर्माण कार्यमा रु.७,३०,००५।१६ रकम हिनामिना भएको देखिएको अवस्थामा अदालतवाट फरफारक भएको रकम रु.२१,५०,०००।०० लाई आधारलिई वास्तविक लेखा परिक्षणवाट खुलेको खर्च रकम रु.२३,७०,०००।०० लाई अन्देखा गरी विगो घटाई विगो रु.५,१०,००५।१६ कायम गरी भएको फैसला त्रुटि पूर्ण भई वदर भागी छ ।<br>• प्रतिवादी केशलक्ष्मी श्रेष्ठ तत्कालिन समयमा मोहनकन्या मा.बि,पाल्पा को प्रधानाध्यापक पदमा कार्यरत रही विद्यालयमा निर्माणकार्यका लागि निकासा भएको रकमबाट निर्माण सामाग्री खरिद तथा कामदारलाई पेश्की भुक्तानी दिने लगायतमा खर्च गर्ने कार्य गरेकोमा विवाद नदेखिएको अवस्था छ। मोहन कन्या मा.बि, पाल्पाका तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भवन निर्माण उपभोक्ता |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | आधारमा भुक्तानी गर्ने कार्य उपभोक्ता समितिले नै गर्ने हुँदा निज प्रतिवादीले खर्चको रकम भुक्तानी नगरेको स्थितिमा निजले नेपाल सरकारको रकम जानीजानी हानी नोक्सानी गरेको मिसिल प्रमाणबाट देखिन आएन ।<br>• विद्यालयको खाता सह-प्रतिवादी देवराज ढकाल र केशलक्ष्मी श्रेष्ठबाट भएको, निज प्रतिवादी दीपकप्रसाद ज्ञवाली निमित्त प्राचार्य/प्रधानाध्यापक बन्नु भन्दा पहिले नै भवन निर्माण तथा शौचालय निर्माण गरेका विल भरपाई बमोजिमको रकम भुक्तानी भईसकेको मिसिल संलग्न विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विल भरपाइहरुबाट देखिन आएको अवस्थामा आरोप दावी बमोजिमको रकम हिनामिना गर्ने कार्यमा निजको संलग्नता रहे भएको मिसिल संलग्न प्रमाणहरुवाट देखिन आएन।<br>• प्रतिवेदक टोलीले स्थलगत निरीक्षण र नाप गर्दा रु.५,१०,००५।१६ बराबरको बढी खर्च भएको प्रतिवेदन दिई रकम भुक्तानी गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याउने बदनियतले सो कार्य गरेको देखिदा प्रतिवादी देवराज ढकाललाई विगो रु.५,१०,००५।१६ कायम गरी ३ महिना कैद र विगो बरावरको जरिवाना भई हानी नोक्सानीको विगो निजबाट असुल उपर हुने ठहर्छ । | समितिका अध्यक्ष देवराज ढकाल र तत्कालिन प्रधानाध्यापक केशलक्ष्मी श्रेष्ठले संयुक्त रुपमा विद्यालय भवन निर्माण कार्यको लागी निकासा भएको रकमबाट निर्माण सामाग्री खरिद तथा कामदारलाई पेश्की भुक्तानी दिने लगायतमा खर्च गर्ने कार्य मार्फत निजहरुले नेपाल सरकारको रकम बदनियत पूर्वक हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको पुष्टि भएको अवस्थामा समान हैसियत भएको प्रतिवादी देवराज ढकाललाई आरोपदावी वमोजिमको कसुर ठहर गरि सकेको अवस्थामा यी प्रतिवादी केशलक्ष्मी श्रेष्ठलाई समेत कसुर ठहर गरी सजाय गर्नु पर्नेमा प्रतिवादी केशलक्ष्मी श्रेष्ठले खर्चको रकम भुक्तानी नगरेको स्थितिमा निजले नेपाल सरकारको रकम जानीजानी हानी नोक्सानी गरेको मिसिल प्रमाणबाट देखिन आएन भनी आधार लिई भएको फैसला त्रुटि पूर्ण भई वदर भागी छ ।<br>• मोहनकन्या मा.बि,पाल्पाको प्रधानाध्यापक तथा निर्माण समितिका सचिब प्रतिवादी दीपक प्रसाद ज्ञवाली र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवराज ढकाल संगको मिलोमतोमा भवन र शौचालय निर्माणमा बढी रकमको बिल भरपाई देखाई योजना फरफारक गराउने संलग्न भएकोमा विवाद गर्नु पर्ने अवस्था छैन । मोहन कन्या मा.बि, पाल्पाका तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष देवराज ढकाल र भवन निर्माण उपभोक्ता समितिका सचिव एवं हालका प्रधानाध्यापक दीपक प्रसाद ज्ञवाली समेतले भवन र शौचालय निर्माणमा वास्तविक भएको भन्दा बढी खर्च तथा काम भएको भुठ्ठा बिल भरपाई पेश गरी साविकको जिल्ला शिक्षा कार्यालय, पाल्पामा हिसाब फरफारक गराउने कार्य मार्फत निजहरुले नेपाल सरकारको रकम बदनियत पूर्वक हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको पुष्टि भएको अवस्थामा समान हैसियत भएको प्रतिवादी देवराज ढकाललाई आरोपदावी वमोजिमको कसुर ठहर गरी सकेको अवस्थामा यी प्रतिवादी दीपक प्रसाद ज्ञवालीलाई समेत कसुर ठहर गरी सजाय गर्नु पर्नेमा निज प्रतिवादी दीपकप्रसाद ज्ञवाली निमित्त प्राचार्य/प्रधानाध्यापक बन्नु भन्दा पहिले नै भवन निर्माण तथा शौचालय निर्माण गरेका विल भरपाई बमोजिमको रकम भुक्तानी भईसकेको भनी आधार लिई भएको फैसला त्रुटिपूर्ण भई वदर भागी छ ।<br>• त्यस्तै राजेश अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा"निर्णयकर्तालाई निर्णयका सम्बन्धमा कुनै जिम्मेवार नगराई निर्णय कार्यान्वयन गर्नेलाई मात्र जिम्मेवार बनाउनु न्यायसंगत देखिन्न। निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छूट दिई मातहतका कर्मचारीहरूलाई मात्रै जिम्मेवार बनाउँदा पूरा तवरले इन्साफ हुन नसक्ने" ( ने.का.प.२०६८, नि.न.८६३६, अंक ६)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको समेतको प्रतिकुल हुने गरी भएको |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | | फैसला त्रुटिपूर्ण छ ।<br>• त्यस्तै दीलिप कुमार मल्ल ठकुरी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विद्यालयको सम्पत्तिको सुरक्षा गर्नु सबैको जिम्मेवारी हो भन्दैमा कसैको जिम्मेवारीमा नपर्ने गरी अर्थ गर्नु युक्तिसङ्गत हुँदैन । दायित्व सबैको आआफ्नो हुन्छ । आरोप को कसलाई लगाउने हो भन्ने विषय आरोपपत्र प्रस्तुतकर्ताको हुन्छ तर निर्णयको रोहमा अरूको पनि सम्पत्तिको रेखदेख गर्ने जिम्मेवारी छ भन्दैमा आरोपित व्यक्तिउपर लागेको कसुरको गाम्भीर्यमा कमीचाहिँ आउँदैन । प्रधानाध्यापक विद्यालयको प्रशासकीय प्रमुख भई निजको जिम्मेवारीमा छोडिएको विषयमा आफ्नो जिम्माको होइन भन्न नमिल्ने ।" (ने.का.प.२०७२, नि.न.९४०३, अंक ५)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिरको समेतको प्रतिकुल हुने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा"घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने ।" (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• **प्रतिवादी रामस्वरुप चौधरीलाई सोही ऐनको दफा १९(२) को कसूर गरेको देखिएकोले कसुरको मात्रा अनुसार ३ महिना कैद र रु.१०,०००।– जरिवाना हुने ठहर्छ भनी आरोपदावी वमोजिमको कसुर कायम गरी फैसला भएको देखिएकोले निजको हकमा पुनरावेदनको दावी नलिएको व्यहोरा अनुरोध छ।** |
| ३ | प्रतिवादीहरु पुजा कार्की र अर्जुन प्रसाद सापकोटा (वि.अ. को मु.नं. ०७७-CR-००९६, वि.अ. को फैसला मिति २०७९।०३।०९ | घुस रिसवत लिई भ्रष्टाचार गरेको | **प्रतिवादीहरु पुजा कार्की र अर्जुन प्रसाद सापकोटाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.९५,०००।-(पन्चानव्वे हजार रुपैयाँ) कायम गरी निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड | **फैसलाः** अदालतवाट प्रतिवादीहरुलाई सफाई हुने ठहर।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• कथित नियम ३० खारेज भई सकेको अवस्था हुँदा प्रतिवादीवाट वरामद रिसवत भनिएको रकम प्रमाणयोग्य हुने नदेखिदा दावी वमोजिम विगो कायम हुन सक्ने देखिएन ।<br>• रेकर्ड छेडछाड भएको(Tampered) र | • प्रस्तुत मुद्दामा सर्वोच्च अदालतको संवैधानिक इजलासले ०७४-WC-००२० मा गरेको फैसलामा विगो कायम नहुने भनेको नरहेको र घुस रिसवतको मुद्दा खारेज नहुने, केवल अखितयार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मात्र खारेज गरी अन्य प्रमाणको आधारमा निर्णय निकासा दिने गरी फैसला भएको र सम्मानीत सर्वोच्च अदालतले मुद्दा नं.०७५-CR-००५१ घुस रिसवत मुँद्दामा मिति २०७९।०७।३० गते कसुर कायम गरी फैसला समेत भएको अवस्थामा सो फैसला समेतको प्रतिकुल हुने गरी प्रस्तुत मुद्दामा कथित नियम ३० खारेज भई सकेको अवस्था हुँदा प्रतिवादीवाट वरामद रिसवत भनिएको रकम प्रमाणयोग्य हुने नदेखिदा दावी वमोजिम विगो कायम हुन सक्ने देखिएन (०७४-WC-००२०) भनी |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | (ग) बमोजिम सजाय हुन मागदाबी लिईएको । | आफ्नो आवाज होइन भनी प्रतिवादीले भनिरहेको अवस्थामा सो रेकर्डको आधारमा प्रतिवादीले निवेदकसँग रिसवत माग गरेको आरोपदावी पुष्टि हुनसक्ने विश्वसनीय प्रमाण मान्न सकिएन ।<br>• प्रतिवादीले बदनियतपूर्वक रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस वापतको रकम लिएको तथ्य वस्तुनिष्ठ प्रमाणद्धारा पुष्टि हुन सक्ने देखिएन । | आधार लिई भएको प्रस्तुत फैसला सो संवैधानीक इजलासको फैसलाको रोहमा समेत त्रुटिपूर्ण छ ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी पुजा कार्कीले सेवाग्राहीबाट घुस/रिसवत लिएको भन्ने सूचनाको आधारमा निजको हात SODIUM CARBONATE मिसाईएको पानीमा धुन लगाउँदा पानी बैजनी रातो (LIGHT PINK TO VIOLET RED) रंगमा परीणत भएको र निजको डेराकोठामा रहेको स्टडी टेबलको घर्रामा राखेको अवस्थामा रु.९५,०००।- (पन्चानब्बे हजार) तथा निज पुजा कार्कीको साथबाट मोबाईल फोन थान-२ बरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का देखिन्छ। प्रतिवादी **पुजा कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा** निमित्त प्रमुख प्रशासकिय अधिकृत एवम् लेखा अधिकृत अर्जुन सापकोटाले मलाई भेटी कार्यालय भवन बाहिर आउन आग्रह गरेकाले निजसँग बाहिर आएपश्चात निवेदक एलिजर तामाङ्गसँग भेट भयो। सो क्रममा अर्जुन सरले एलिजर तामाङ्गबाट कन्टिनजेन्सी वापत ४% को दरले हुन आउने रकम लिएर राखु र बेलुका मलाई दिनु भनी आदेश दिए बमोजिम मैले निवेदक एलिजर तामाङ्गबाट रु.९५,०००।— रकम लिई मेरो डेराकोठामा रहेको टेबुलको घर्रामा राखेको अवस्थामा बरामद भएको हो। निवेदकले पेश गरेको फोनवार्ताको रेकर्ड सुनाउँदा सुने, उक्त रेकर्ड निवेदक एलिजर तामाङ्ग र म बीच भएको संवाद हो भन्ने समेत व्यहोराको बयान कागज देखिएकोमा अदालतमा वयान गर्दा स.ज १८ समेतमा सहअभियुक्त अर्जुन प्रसाद सापकोटाले लेनदेनको रकम राखि दिनु भनेकोले लिएको हो भनी वयान गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ९क, ९(२)(क) र दफा १८ ले प्रमाणमा लिन नै मिल्ने देखिन्छ । अर्का प्रतिवादी **अर्जुन प्रसाद सापकोटाले अनुसन्धानको क्रममा** कसुरमा ईन्कारी वयान गरेता पनी निवेदकले पेश गरेको अडियो रेकर्डमा भएको आवाज मेरो हो। अडियो रेकर्ड बमोजिम कुराकानी भएको हो। निवेदक एलिजर तामाङ्गले मिति २०७७।११।०५ गतेको निवेदनसाथ पेश गरेको फुटेजमा निवेदक एलिजर तामाङ्गसँग संवाद गर्ने म हो भन्ने समेत व्यहोराको वयान देखिएकोमा अदालतमा वयान गर्दा सहअभियुक्त पुजा कार्कीले खुलाए बमोजिमको निवेदक एलिजर तामाङ्गसँग लेनदेन रकम लिईराखि दिनु भनेको देखिँदैन । प्रतिवादीहरु र निवेदक विच घुस रिसवतको संवाद भएको रेकर्ड मिसिल सामेल देखिएको उक्त सिडिको रेकर्डलाई प्रमाण ऐन, २०३१ को दफा १३क वमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन्छ । प्रतिवादीहरु र निवेदक विच पटक पटक फोन सम्पर्क भएको **मोबाईल फोनको कल डिटेलवाट देखिन्छ, सर्वोच्च अदालतले ने.का.प २०७५, अंक ३, नि.न.९९८० मा पोलिग्राफ परिक्षणलाई प्रमाणमा लिने भनी नजिर प्रतिपादन गरेकोमा प्रतिवादीहरु** पुजा कार्की र अर्जुन प्रसाद सापकोटाले आफ्नो कसुर प्रमाणित हुन्छ भनी |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | | पोलिग्राफ परीक्षण गर्न ईन्कार गरेको देखिन्छ । उजुरीकर्ता एलिजर तामाङ्गले उजुरी तथा अनुसन्धानको कागजमा भएको व्यहोरा र सहिछाप मेरो हो भनी अदालत समक्ष वकपत्र गरेको देखिएको र सरकारी साक्षीहरु रामचन्द्र अधिकारी समेतले अनुसन्धानको क्रममा र अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरुले घुस रिसवत लिई भ्रष्टाचार गरेको भनी कागज गरेको देखिएकोलाई **प्रमाण ऐन, २०३१ को दफा १० र १८** वमोजिम प्रमाणमा लिन मिल्ने देखिएकोवाट प्रतिवादीहरुको कसुर गर्दाको घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीले बदनियतपूर्वक रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस वापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, प्रमाणद्धारा पुष्टि हुन सक्ने देखिएन भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण भई बदर भागी छ ।<br>• उजुरी निवेदकसंगको संवादको क्रममा निज पुजा कार्कीले "हुन्छ हुन्छ। ए हुन्छ उ नै गर्दिनु न क्यासै गर्दिनु। ए...फोनमा के कुरा गर्नि....सरहरुसँग कुरा भा छैन है? आउनुस तपाई त्यसपछि...। ए आउनु न आउनु अनि भेट्नु न। अँ हुन्छ आउनुन फोनमा के कुरा गर्नी" भन्ने कुराहरु बोलेको साथै उजुरी निवेदक अर्जुन प्रसाद सापकोटा बीचको संवादमा एलिजर तामाङ्ले "अनि सरले त्यो अस्ति हामी भेट्दा खेरी यसो खाजा.......कुरा गर्नु भाथ्यो सर हैन" भन्दा "हजुर" भनेको "मैले के कति गर्नु पर्योट सर तपाईलाई?" भन्दा "आउनुन" भनेको "अँ तपाईले एकाउण्ट नम्बर पठाउनु भा रैछ हैन"।भन्दा " हजुर सर" भनेको "अनि पुजा म्यामले त मलाई केहि पनि भन्नु भएको छैन के गर्नी त?" भन्दा " हामी केहि फरक पर्दैन" भनेको "मैले तपाईलाई हाल्दिदा ठिक हुन्थ्यो हैन?" भन्दा "हुन्छ हुन्छ ल" भनेको र "वहाँले ल ल भनेर राखे त्यहाँ देखि पुजा म्यामलाई फोन गरेको हैन काठमाण्डौ आएपछि मात्रै भेटौला भन्ने कुरा गर्नु भो अब के गरम सर भनेर......फेरी म अर्को मान्छेको हातमा फेरी क्यास दिन त गाह्रो पर्छ सर मलाई नि" भन्दा " म पुजा मिसलाई सोधेर........भनौला तपाईलाई है" भनेको देखिएको र Call Details Record वाट निजहरु विच पटक पटक फोन सम्पर्क समेत भएको देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था रहेको र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैधानीक इजलासले ०७४-CR-००२० को फैसला गर्दा समेत प्रमाणको रुपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको अवस्थामा प्राप्त प्रमाण तथा सर्वोच्च अदालतको संवैधानीक इजलासवाट भएको फैसलालाई समेत गलत अर्थ लगाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | | • (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |
| ४ | प्रकाशमान जैशी, याम वहादुर घर्ती, गोकर्णप्रसाद उपाध्याय, अशोक प्रसाद तिवारी (वि.अ. को मु.नं. ०७५-CR-०३५३, वि.अ. को फैसला मिति २०७९।४।१८ | झुट्ठा प्रमाणपत्र का आधारमा शिक्षक नियुक्ति गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी प्रकाशमान जैसीः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) र दफा १७ बमोजिमको कसुरमा बिगो रु.७,२८,४९४।- कायम गरी सोही ऐनको दफा १६(१) बमोजिमको सजाय हुन र दफा १७ बमोजिम हानी नोक्सानी गरेको बिगो असुल गरी सोही ऐनको दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन।**प्रतिवादिहरु यामबहादुर घर्तिमगर, गोकर्णप्रसाद उपाध्यायः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा जनही बिगो रु. ७,२८,४९४।- कायम गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल गरी सोही ऐनको दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन। **प्रतिवादी अशोक प्रसाद तिवारी**: भ्रष्टाचार निवारण ऐन, २०५९ को १६(१) बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइएको । | **फैसलाः**<br>**प्रतिवादीहरु प्रकाशमान जैशी, याम वहादुर घर्ती मगर र गोकर्णप्रसाद उपाध्यायः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर ठहर भई सोही ऐनको दफा १७ र दफा ३(१)(घ) बमोजिम विगो वमोजिम जरिवाना भै सोही ऐनको दफा १७ वमोजिम जनही विगो रु.२,४२,८३१।३३ प्रतिवादीहरुवाट भराई जनही एक वर्ष कैद हुने र निज प्रतिवादीहरु उपरको उक्त ऐनको दफा १६ को आरोपदावी पुग्न सक्दैन । **प्रतिवादी अशोक प्रसाद तिवारीः** आरोपदावीवाट सफाई पाउने ठहर।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• विद्यालयमा उपस्थित नभएका अशोक प्रसाद तिवारीका नाउँमा नियुक्ति दिने र तलव खर्च लेख्ने कार्य भएतापनि दुवै प्रतिवादीहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक उपर दफा १६ को आरोपदावी नदेखिएको तथा अशोक तिवारीको सक्कलै कागजपत्र प्रयोग भएको अवस्थामा दफा १६ तर्फको आरोपदावी पुष्टि हुने देखिएन,<br>• सहप्रतिवादी प्रकाशमान जैशी अशोकप्रसाद तिवारीको काकाको छोरा देखिएतापनि अशोक प्रसाद तिवारीले जानीजानी दावीको कसुर गर्न आफ्ना प्रमाणपत्र सहप्रतिवादी | • स्वंय अदालतले प्रतिवादी अशोक प्रसाद तिवारीको सर्टिफिकेट प्रयोग गरी प्रतिवादी प्रकाशमान जैशीले सेवा सुविधा लिएको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर ठहर गरेको अवस्था छ। सोही वारदातको जरियाको रुपमा रहेको प्रतिवादी अशोक प्रसाद तिवारीको सर्टिफिकेट प्रमाणपत्रहरु पेश गरी प्रतिवादी प्रकाशमान जैशीले उक्त कागजातको आधारमा सेवा सुविधा लिएकोमा विवाद देखिदैन। यसरी स्वंय अदालतले झुट्ठा विवरण पेश गरी प्रतिवादी प्रकाशमान जैशीले सेवा सुविधा लिएको भनी कसुर कायम गरिसके पश्चात सोही ऐनको दफा १६ अन्तर्गतको कसुर समेत कायम गरी सजाय गर्नु पर्नेमा प्रतिवादीहरु प्रकाशमान जैशी र अशोक प्रसाद तिवारीलाई सफाई दिएको फैसला जरियाको सिद्धान्त((Doctrine of Causation) ने.का.प २०६९, अंक ६, नि.न.८८५३) को आधारमा समेत मिलेको नदेखिएकोले त्रुटि पूर्ण भई वदर भागी छ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी प्रकाशमान जैसीले मोहन्याल गा.पा वडा नं.३ स्थित नवदुर्गा राष्ट्रिय नि.मा.वी ताम्चा कैलालीको राहत कोटाको शिक्षक पदमा नियुक्ति पाउन अर्का प्रतिवादी अशोक प्रसाद तिवारीको शैक्षिक प्रमाणपत्र र अध्यापन अनुमति पत्र पेश गरी राहत शिक्षकमा अशोक कुमार तिवारीको नामवाट नियुक्ति पत्र लिई २०६४।८।२३ गते देखि २०६९।११।१५ सम्मको जम्मा रु.७,२८,४९४/- रकम भुक्तानी लिएको देखिन्छ।यो तथ्यलाई स्वय विशेष अदालत काठमाडौले स्वीकार समेत गरेको अवस्था छ ।एकाले अर्काको नामको शैक्षिक प्रमाणपत्र र अध्यापन अनुमति पत्र पेश गरी नियुक्ति लिने कामलाई “राष्ट्र सेवकको ओहदा पाउने वा सो ओहदामा वहाल रहेन वा कुनै हैसीयत लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तिनपुस्ते, उमेर जात, थर, योग्यताको झुट्ठा विवरण दिएको सो सम्वन्धी झुट्ठा प्रमाण पत्र पेश गर्ने” कसुर गरेको हो भन्ने तथ्यमा सायद नै कसैको विमति रहन्छ होला । प्रतिवादी अशोक प्रसाद तिवारीको सक्कलै प्रमाण पत्र प्रयोग भएको भन्ने आधारमा प्रस्तुत वारदात भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को वारदात हो भन्ने विषयमा कुनै द्धिविधा नै रहनु पर्ने अवस्था नै देखिदैन । साथै प्रस्तुत वारदातमा ऐ.ऐनको दफा १६ वमोजिमको कसुरमा प्रतिवादी प्रकाशमान जैशी नै मुख्य कसुरदार हुन भन्ने तथ्यमा समेत कुनै द्धिविधा लिई रहनु पर्ने अवस्था रहेको पाईदैन । प्रस्तुत वारदातमा |

| सि. नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | प्रकाशमान जैशीलाई दिएको प्रमाणवाट पुष्टि भएको देखिदैन,<br>• मुख्य प्रतिवादीहरुको हकमा उक्त ऐनको दफा १६ बमोजिमको आरोपदावी पुग्न नसकेकोले प्रतिवादी अशोक प्रसाद तिवारीको हकमा पनि दफा १६ को मतियारतर्फको दफा २२ बमोजिमको आरोपदावी पुग्न नसकी निजले आरोपदावीवाट सफाई पाउने ठहर्छ । | प्रतिवादी अशोक प्रसाद तिवारीको शैक्षिक योग्यता र अध्यापन अनुमतिपत्रको प्रयोग अर्का प्रतिवादी प्रकाशमान जैशीले गरेको अवस्था छ । त्यो पनि कुनै क्षणिक कालको लागी नभै पूरा ५ वर्ष प्रयोग भएको अवस्था छ । यी दुई प्रतिवादीहरु विच काका वडा वा को छोराहरु(दाजु-भाई) को सम्वन्ध रहेको छ । प्रतिवादीहरुले अनुसन्धानको क्रममा वयान गर्दा दुवै जना प्रतिवादीहरुले सल्लाहवाटै एकाको शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रको प्रमाणपत्रहरु अर्कोले प्रयोग गरेको भन्ने स्पष्ट रुपमा खुलाएको अवस्था छ । उक्त वयानलाई अन्यथा प्रमाणित गर्न समेत सकेको अवस्था छैन । प्रमाण ऐन, २०३१ को दफा ७(ग) वमोजिम समेत दुवै प्रतिवादीहरुले सल्लाहमा नै झुठ्ठा रुपमा उल्लेखित प्रमाणपत्रहरु पेश गरेको भनी अनुमान गर्न हुने कुरा हो भन्ने समेत देखिएको अवस्था छ । प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार यस विषयमा अन्यथा प्रमाणित गर्ने भार प्रतिवादीहरुमा रहनु पर्ने देखिन्छ र प्रतिवादीहरुले उल्लेखित तथ्यलाई अन्याथा प्रमाणित गर्न सकेको अवस्था नहुँदा नहुदै असँगत यो वा त्यो तर्क पेश गरी उल्लेखित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ र दफा २२ को कसुर ठहर नगरेको विशेष अदालत काठमाडौको फैसला त्रुटी पूर्ण रहेको छ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ अन्तर्गतको उल्लेखित कसुरमा प्रतिवादी प्रकाशमान जैशी मूख्य अभियुक्त हुन भन्नेमा द्बिविधा नरहेकोमा उक्त कसुरका अन्य मतियारहरु याम वहादुर घर्ती मगर र गोकर्ण प्रसाद उपाध्यायलाई ऐ.ऐनको दफा १६ को मतियारको कसुरको अभियोग लगाइएन भन्ने आधारमा अभियोग लगाइएका प्रतिवादीहरु प्रकाशमान जैशी र अशोक प्रसाद तिवारीलाई उक्त दफा १६ र दफा २२ को कसुरमा सफाई दिई भएको फैसला आफैमा त्रुटिपूर्ण छ । विशेष अदालतले अभियोग लगाईएको प्रतिवादी उपरको अभियोग पुष्टि हुन्छ वा हुन्न भनेर प्रमाणको विश्लेषण गरी फैसला गर्नु पर्नेमा केही व्यक्तिउपर अभियोग लगाइएन तर्सथ अभियोग लगाईएका प्रतिवादीहरुलाई पनि सफाई हुने भन्ने आधारलाई किमार्थ पनि न्यायपूर्ण एवं तर्कसँगत आधार मान्न सकिदैन ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी अशोकप्रसाद तिवारीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा स.ज.११ मा प्रतिवादी प्रकाशमान जैशी निजी स्रोतमा कार्यारत भएकोले राहतको कोटा आउदा निज सँग अध्यापन अनुमती पत्र नभएकोले मेरो राख्दा हुन्छ भन्ने जानकारी गराउदा मैले हुन्छ भनी भनेको थिए भनी वयान गरेकोमा अर्का प्रतिवादी प्रकाशमान जैशीले स.ज ९ मा अशोक प्रसाद तिवारीको कागज सहमतीमा पेश भएको हो। स.ज.१३ मा तलवी भर्पाईमा अशोक प्रसाद तिवारीको नाम र दस्तखत भएता पनि दस्तखत मैले गरेको भनी वयान व्यहोरा खुलाएकोलाई प्रमाण ऐन, २०३१ को |

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | | | | | दफा ९(२)(क) ले प्रमाणमा लिन मिल्नै देखिएको र अदालतमा प्रतिवादीहरुले ईन्कारी वयान गरेतापनी प्रमाण ऐन, २०३१ को दफा २७ वमोजिम प्रमाण पेश गर्न सकेको नदेखिएको। त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा"घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने। ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा प्रतिवादी अशोक प्रसाद तिवारीले जानीजानी दावीको कसुर गर्न आफ्ना प्रमाणपत्र सहप्रतिवादी प्रकाशमान जैशीलाई दिएको प्रमाणवाट पुष्टि भएको देखिदैन भनी आधार लिई आरोपदावी वमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ अन्तर्गतको कसुरमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• अदालतले फैसलामा कोही प्रतिवादी उपर आरोपदावी नलिएको आधारमा नै आरोपदावी लिएको हकमा सफाई दिन मिल्ने होईन । अदालतले प्रमाणको मुल्याङ्कन गरी प्रतिवादीहरु उपरको कसुर कायम हुने होईन भनी फैसला गर्नु पर्नेमा विद्यालयमा उपस्थित नभएका अशोक प्रसाद तिवारीका नाउँमा नियुक्ति दिने र तलव खर्च लेख्ने कार्य भएतापनि दुवै प्रतिवादीहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक उपर दफा १६ को आरोपदावी नदेखिएको तथा अशोक तिवारीको सक्कलै कागजपत्र प्रयोग भएको अवस्थामा दफा १६ तर्फको आरोपदावी पुष्टि हुने देखिएन भनी प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ अन्तर्गतको कसुरमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |